राप्ती गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

मसुरिया देउखुरी दाङ लुम्बिनी प्रदेश नेपाल

आ.व. २०८०/८१ च.न. १९३ (शिक्षा) मिति:२०८०/०९/१७

**विषयः नयाँ विद्यालय स्थापना तथा कक्षा / तह थप गर्न निवेदन पेश गर्ने सम्बन्धी सूचना।**

प्रस्तुत विषयमा, यस गाउँपालिकाभित्र शैक्षिक सत्र २०८१ बाट नयाँ कक्षा सञ्चालन तथा कक्षा / तह थप गर्न इच्छुक व्यक्ति, सामुदायिक तथा संस्थागत विद्यालयहरुले २०८० पौष मसान्तसम्म निम्नानुसारका कागजात संलग्न राखी निवेदन पेश गर्नु गराउनु हुन सूचित गरिन्छ।

तपसिल

१. आधारभूत तथा माध्यमिक शिक्षा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९ को अनुसूची १ बमोजिमको ढाँचामा निवेदन
२. कक्षा थप तथा तह थप गर्ने विद्यालयको तल्ला सबै कक्षाको अनुमति पत्रको प्रतिलिपी
३. विद्यालय सञ्चालनका आवश्यक पर्ने भौतिक पूर्वाधार खुल्ने विवरण
४. प्रस्तावित विद्यालय क्षेत्रको शैक्षिक नक्सा
५. सम्बन्धित वडा कार्यालयको सिफारिस
६. विद्यालयको आर्थिक स्रोत खुलेको प्रमाण र कागजात
७. शिक्षक व्यवस्थापन सम्बन्धी विद्यालय व्यवस्थापन समितिको प्रतिवद्धता पत्र
८. न्यूनतम रुपमा नजिकका कुनै दुई विद्यालयहरुको सहमति र सिफारिस
९. संस्थागत तथा गुठी अन्तरगत सञ्चालन भएका विद्यालयहरुको आफ्नै भवन संरचना भए सोको विवरण वा बहालमा लिएको भए कम्तीमा पाँच वर्षसम्मको सम्झौता सम्बन्धी कागजात
१०.गुठी अन्तरगत सञ्चालन भएका विद्यालयहरुको गुठी विद्यान र विनियमावली सम्बन्धी कागजात
११. विद्यालयको आर्थिक स्रोत खुल्ने विवरण सहितको कागजात
१२. आ.व. २०७८/७९ को अन्तिम लेखा परीक्षण प्रतिवेदन र २०७९/८० को सामाजिक लेखापरीक्षण सम्बन्धी प्रतिवेदन
१३. आ.व. २०७९/८० सम्म कर तिरेको प्रमाण खुल्ने कागजात
१४. पालिकाले तोके बमोजिमको दस्तुर

विश्वास वि.क.
शाखा अधिकृत

विश्वास वि.क.
शाखा अधिकृत

## अनुसूचीहरु

## अनुसूची-१

### विद्यालय खोल्ने अनुमतिको लागि दिइने निवेदन

श्री राप्ती गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय,

दाङ ।

विषय : विद्यालय खोल्ने/कक्षा थप गर्ने अनुमति पाऊँ ।

महोदय,

शैक्षिक सत्र .................... देखि ..................... तहको विद्यालय खोल्न चाहेकोले अनुमतिको लागि देहायका विवरणहरु खुलाई यो निवेदन गरेको छु ।

(क) प्रस्तावित विद्यालयको :

१. नाम:

२. ठेगाना: ............. गाउँपालिका. .............. वडा नं. ............. गाउँ...............

फोन: .................. फ्याक्स नं. .................................

३. किसिम:

(१) सामुदायिक (२) सहकारी (३) निजी शैक्षिक गुठी (४) सार्वजनिक शैक्षिक गुठी

४. अनुमति लिन चाहेको तह र सञ्चालन गर्ने कक्षा:

५. भविष्यमा सञ्चालन गर्न चाहेको तह र कक्षा:

(ख) प्रस्तावित विद्यालयको लागि पूरा गरिएको भौतिक पूर्वाधार :

१. भवनको:

(१) संख्या: (२) कच्ची वा पक्की वा अर्ध पक्की

(३) आफ्नै वा बहालमा वा सार्वजनिक

२. कोठाको विवरण:

| कोठाको क्र.सं. | लम्वाइ | चौडाइ | उचाइ | झ्याल ढोकाको अवस्था | प्रकाश र वत्तीको अवस्था | प्रयोजन | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

३. फर्निचरको संख्या:

(१) डेस्क (२) बेन्च (३) टेबल (४) दराज

(५) मेच (६) अन्य

४. खेलकूद मैदानको अवस्था र जग्गा: (रोपनी वा विगाहामा)

५. शौचालयको संख्या : (१) छात्रले प्रयोग गर्ने (२) छात्राले प्रयोग गर्ने

६. खानेपानीको अवस्था:

७. पुस्तकालयको अवस्था तथा पुस्तकको संख्या:

८. प्रयोगशाला: सामग्री:

९. सवारी साधनको विवरण:

१०. शैक्षिक सामग्रीको विवरण:

(ग) विद्यार्थी संख्या: (प्रस्तावित)

कक्षा: संख्या:

(घ) शिक्षक संख्या: (प्रस्तावित)

(ङ) आर्थिक विवरण: (प्रस्तावित)

१. अचल सम्पत्ति:

२. चल सम्पत्ति:

३. वार्षिक आम्दानी:

४. आम्दानीको स्रोत:

माथि लेखिएका विवरण हरु ठीक साँचो छ, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदकको-

सही:

नाम:

ठेगाना:

मिति:

संलग्न गर्नु पर्ने कागजातहरु :

(१) गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्ने भए शैक्षिक गुठीको विधानको प्रतिलिपि ।

(२) जग्गा वा भवन भाडामा लिने भए कम्तीमा पाँच वर्षसम्मको लागि घर वा जग्गाधनीले बहालमा दिने सम्बन्धमा भएको कबुलियतनामा सम्बन्धी पत्र ।

(३) प्रस्तावित विद्यालयको क्षेत्रको शैक्षिक नक्सा ।

(४) सम्बन्धित वडासमितिको सिफारिस ।

(५) नजिकका सोही तह सञ्चालन हुने न्यूनतम दुई विद्यालयको सहमति पत्र

(६) विद्यालयको आर्थिक स्रोत खुलेको प्रमाण

(७) शिक्षक नियुक्तिको प्रमाण

अनुसूची-२

विद्यालय खोल्नको लागि चाहिने पूर्वाधारहरु

(क) कक्षा कोठाहरू सामान्यतया नौ फिट उचाईको र घाम तथा पानीबाट बचाउ हुने किसिमको हुनु पर्ने,

(ख) कक्षागत क्षेत्रफल आधारभूत विद्यालयको हकमा प्रति विद्यार्थी १.०० वर्ग मीटर तथा माध्यमिक विद्यालयको हकमा १.२० वर्ग मीटर भन्दा कम हुन नहुने,

(ग) अध्यापन गराइने कक्षा कोठामा हावाको प्रवाह, प्रकाशको व्यवस्थाको साथै स्वस्थ हुनु पर्ने,

(घ) कक्षा कोठामा विद्यार्थी संख्याको आधारमा फर्निचरको व्यवस्था हुनु पर्ने,

(ङ) यथेष्ट स्वस्थकर खानेपानीको प्रवन्ध गर्नुपर्ने,

(च) प्रारम्भिक बाल शिक्षा केन्द्र बाहेक अन्य विद्यालयमा छात्र छात्राको लागि अलग अलग शौचालयको व्यवस्था हुनुपर्ने र प्रत्येक थप ५० जना विद्यार्थीको लागि एक कम्पार्टमेन्ट थप हुनुपर्ने,

(छ) पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षक निर्देशिका सहितको १ विद्यार्थी बराबर कम्तीमा २ प्रतिका दरले पुस्तक उपलब्ध भएको पुस्तकालय हुनु पर्ने,

(ज) शिक्षण क्रियाकलापको लागि आवश्यकीय शैक्षिक सामग्रीहरू जस्तैं( सेतोपाटी,कालोपाटी, नक्सा, ग्लोब, गणितीय सामग्री आदि हुनु पर्ने,

(झ) सम्पूर्ण विद्यार्थीहरू एकैसाथ उभिन सक्ने मैदान हुनु पर्ने,

(ञ) प्रारम्भिक वाल शिक्षा केन्द्रमा घर बाहिरका क्रियाकलापहरू सञ्चालन गर्न पुग्ने र अन्य विद्यालयका लागि भलिबल खेल्न मिल्नेसम्मको खेल मैदानको व्यवस्था र खेल सामग्रीको व्यवस्था हुनु पर्ने,

(ट) पाठ्यक्रम अनुसारको विज्ञान सामग्रीको व्यवस्था हुनु पर्ने,

(ठ) सामुदायिक विद्यालयमा प्रत्येक कक्षामा सामान्यतया देहाय बमोजिम र संस्थागत विद्यालयमा सामान्यता प्रतिकक्षा कम्तीमा बाईस जना देखि बढीमा चौवालीस जना सम्म रऔसतमा तेत्तीस जना विद्यार्थी हुनुपर्नेछ ।

(ड) सामुदायिक विद्यालयमा कम्तीमा देहाय बमोजिमको शिक्षकको व्यवस्था हुनु पर्नेः-

माध्यमिक तहको ०-१० कक्षाका लागि - १४ जना

माध्यमिक तहको ०-१२ कक्षाका लागि - १६ जना

आधारभूत तहको ०-८ कक्षाका लागि - ९ जना

आधारभूत तहको ०-५ कक्षाको लागि - ४ जना

प्रारम्भिक बालबिकास केन्द्रको लागि - २ जना

तर संस्थागत विद्यालयमा कक्षा शिक्षक अनुपात न्यूनतम १:१.४ हुनु पर्नेछ ।

(ढ) विद्यालयको स्थायी आय स्रोत हुनु पर्ने,

(ण) विद्यालयमा प्राथमिक उपचार सामग्रीको व्यवस्था हुनु पर्ने,

(त) आवासीय विद्यालयको लागि आवास भवन हुनु पर्ने,

(थ) विद्यालयको हाता पर्खाल वा बारले घेरिएको हुनु पर्ने,

(द) भाडाको भवनमा विद्यालयको सञ्चालन गर्ने भए कम्तीमा पाँच वर्ष घर भाडा सम्बन्धी सम्झौता भएको हुनु पर्ने ।

(ध) विद्यालयमा वालमैत्री अपाङ्गता मैत्री तथा वातावरण मैत्री हुनुपर्ने ।